१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ६४ ॥ २०८१ चैत २७ गते बुधबार (9th Apr 2025 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# खुट्टाको अपाङ्ता भएका २६ जनाले पाए नयाँ जीवन



झापा(प्रस)। बीस वर्षअघि ट्र्याक्टर दुर्घटनामा दाहिने खुट्टा गुमाएर अपाङ्ग बनेका झापा अर्जुनधारा - १ साधुटारका ६५ वर्षीय बलप्रसाद अधिकारीले निःशुल्क कृत्रिम खुट्टा पाएपछि उनको हर्षको सीमा नै रहेन । बैशाखी टेकेर अग्रसेन भवन छिरेका अधिकारी कृत्रिम खुट्टा लगाएपछि बिनाबैशाखी ठमठम हिँड्दै घर फर्किए । अर्जुनधारामा बाँस बोकेको ट्र्याक्टर पल्टिएर मुनि थिचिएका अधिकारीको ज्यान त जोगियो , तर उनले दाहिने खुट्टा गुमाउनु पर्यो । त्यसपछि उनले बीस वर्षसम्म अपांगको जीवन जिउनु पर्यो । कृत्रिम खुट्टा पाएपछि उनले नयाँ जीवन पाएका छन् । त्यस्तै अर्जुनधाराकै कौशिला रेग्मी पनि निःशुल्क कृत्रिम खुट्टा पाएपछि अत्यन्त हर्षित भइन् ।

अरु धर्मकर्म छोडेर यस किसिमको मानवीय सेवा गर्न भगवानले सँधै प्रेरणा दिइरहोस् भन्दै उनले आयोजकलाई ह्रृदयदेखि नै धन्यवाद दिइन् । विर्तामोडस्थित अग्रणी सामाजिक संस्था अग्रसेन भवनको रजत महोत्सवको अवसरमा उनीजस्तै खुट्टाको अपाङ्ता भएका २६ जनाले नयाँ जीवन पाएका हुन् । उनीहरुलाई निःशुल्क कृत्रिम खुट्टा वितरण गरिएको हो ।

शिवसताक्षीका तोयानाथ भट्टराई , कचनकवलका भवानीशंकर दाहाल , बुद्धशान्तिकी चपेटी चेम्जोङ , सोही पालिकाका सुशिलकुमार धिमाल , हल्दिवारीकी पूर्णिमाया खड्का , इलाम चुलाचुलीका कर्णबहादुर राई , शिवसताक्षीका युवराज श्रेष्ठ , कचनकवलका राजु शर्मा , बाह्रदशीकी बसन्ती राजवंशी , हल्दिवारीका डल्लु सार्की , मेचीनगरका जितबहादुर भण्डारी , अर्जुनधाराका अलिफ नूर महमद , शिवसताक्षीका कृष्णबहादुर राई , हल्दिवारीका भोला शर्मा , अर्जुनधाराकी धनमाया तमाङ्गी , मेचीनगरका हरिप्रसाद मिश्र , अर्जुनधाराका सूर्यबहादुर बस्नेतले पनि निःशुल्क कृत्रिम खुट्टा पाएका छन् । अन्यले एक-एक वटा खुट्टा पाएकोमा दुवै खुट्टा गुमाएका शिवसताक्षीका कृष्णबहादुर राईले दुईवटै कृत्रिम खुट्टा पाएका छन् । भवनको नवनिर्मित माथिल्लो तलाको माधवी ब्याङक्वेट हलमा शिविरको आयोजना गरी २६ जनालाई कृत्रिम खुट्टा वितरण गरिएको हो । आर्थिक अभावमा कृत्रिम खुट्टा लगाउन नपाएकाहरुलाई छनोट गरी उनीहरुलाई शिविरमै नाप अनुसार स्वास्थ्य प्राविधिकको सहयोगमा खुट्टा लगाइएको अग्रसेन भवनका अध्यक्ष सुरेशकुमार अग्रवाल 'भद्रपुरे'ले जानकारी दिए । उनका अनुसार २६ जनामध्ये १६ जनाको कृत्रिम खुट्टा शिविरमै लगाइएको छ भने ८ जनालाई काठमाडौंमा लगाइएको थियो । मारवाडी सेवा समिति नेपाल र पशुपति गौशाला धर्मशाला काठमाडौको व्यवस्थापनमा शिविर संचालन गरिएको थियो । कार्यक्रममा बोल्दै पशुपति गौशाला धर्मशालाका महासचिव राजेशकुमार अग्रवालले प्रत्येक महिनाको दुईवटा शनिवार काठमाडौमा कृत्रिम खुट्टा वितरण गर्ने गरिएको जानकारी दिए । उनले हालसम्म गौशालाले ६५ सय जनालाई निःशुल्क कृत्रिम खुट्टा वितरण गरिसकेको जानकारी दिए । उनले अपांगता भएर बसिरहेका व्यक्तिहरुलाई कृत्रिम खुट्टा वितरण गरेर नयाँ जीवन दिनुजस्तो ठूलो सेवा अरु छैन भनेर गौशालाले यसलाई निरन्तरता दिएको जानकारी दिए । कृत्रिम खुट्टा किन्नु पर्दा एकदेखि डेढ लाख रुपैयाँ खर्च गर्नुपर्ने हुन्छ । शिविरबाट कृत्रिम खुट्टा लगाएका व्यक्तिहरुले साइकल चलाउनसमेत सक्छन् । कृत्रिम खुट्टा वितरण गरिसकेपछि १२ महिनासम्म फलोअप गर्ने गरिएको महासचिव अग्रवालले जानकारी दिए ।

अग्रसेन भवन विर्तामोड र रोटरी क्लव अफ विर्तामोडको संयुक्त आयोजनामा अग्रसेन भवनमा सञ्चालन भइरहेको श्रीराम कथाका प्रमुख वाचक हरिद्वार भारतका प्रसिद्ध कथावाचक नवराज प्रपन्नजी महाराजको प्रमुख आतिथ्यमा शिविर आयोजना गरिएको थियो । अग्रसेन भवन तथा रोटरी क्लव अफ विर्तामोडका अध्यक्ष सुरेशकुमार अग्रवाल 'भद्रपुरे'को अध्यक्षतामा सम्पन्न शिविरमा बिर्तामोड ५ का वडाध्यक्ष रोहित प्रसाई , नेपाल राष्ट्रिय मारवाडी परिषदका उपाध्यक्ष एवम् मारवाडी सेवा समिति नेपालका निवर्तमान अध्यक्ष कैलाशचन्द्र गोयल, मारवाडी सेवा समिति नेपालका महासचिव धर्मेन्द्र अग्रवाल, पशुपति गौशाला धर्मशालाका अध्यक्ष रमेश तापडीयालगायतको उपस्थिति रहेको कार्यक्रमका संयोजक माँगीलाल अग्रवालले जानकारी दिए । अग्रसेन भवनले रजत उत्सवकै अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो ।

यस्तै, भवनकै आयोजनामा सञ्चालन भइरहेको नौदिवसीय दिव्य श्रीराम कथा जारी रहेको छ । रामकथा श्रवण गर्न भक्तजनको उल्लेख्य सहभागिता भइरहेको अध्यक्ष भद्रपुरेले जानकारी दिए । रामकथा चैत २९ गतेसम्म सञ्चालन हुनेछ ।

# आपराधिक अभियोगका कारण देश निकाला गरेको दावी



झापा(प्रस)। अमेरिकी अध्यागमन तथा भन्सार प्रवर्तन (आइसीई) ले पेन्सिल्भेनियाबाट ६ जना भुटानी शरणार्थीलाई देश निकाला गरेको छ। यी व्यक्तिहरूलाई बलात्कार, आक्रमण र चोरी जस्ता आपराधिक अभियोगका कारण अमेरिकी अध्यागमन कानूनअन्तर्गत हटाउन योग्य ठहर गरिएको दावी गरिएको छ। सन् २००८ देखि २०१७ को बीचमा भुटानमा जातीय सफायाबाट भागेर शरणार्थीको रूपमा वैधानिक रूपमा अमेरिका प्रवेश गरेका यी व्यक्तिहरूलाई मार्च २६ देखि २८५ सम्म देश निकाला गरिएको हो ।

यी ६ जनाले पहिले स्थायी बसोबासको अनुमति (ग्रीन कार्ड) पाएका थिए । तर, अध्यागमन न्यायाधीशको आदेशपछि उनीहरूको कानूनी हैसियत खोसिएको आइसीईले जनाएको छ। आइसीईका अनुसार यो कारबाही सार्वजनिक सुरक्षा र अध्यागमन नियमहरूको पालना सुनिश्चित गर्न गरिएको हो। तर, यो कदमले पेन्सिल्भेनियाको भुटानी नेपाली समुदायमा आक्रोश र चिन्ता पैदा गरेको छ । विशेषगरी ह्यारिसबर्ग क्षेत्रमा, जहाँ अमेरिकाको सबैभन्दा धेरै भुटानी शरणार्थी समुदाय बसोबास गर्छन् ।

स्थानीय नेता डाउफिन काउन्टी कमिस्नर जस्टिन डगलसले देश निकाला गर्ने कार्य रोक्न आह्वान गरेका छन्। उनले कानूनी प्रक्रियाको सम्मान र भुटान वा नेपाल फर्किएपछि यी व्यक्तिहरूले सामना गर्नुपर्ने सम्भावित खतराको बारेमा चेतावनी दिएका छन्। देश निकाला गरिएकामध्ये ४ जनालाई नेपालमा पक्राउ गरिएको छ। डगलसले भने, "हामीले शरणार्थीहरूलाई यहाँ स्वागत गरेका थियौं, तर उनीहरूलाई यस्तो अनिश्चित र खतरनाक अवस्थामा फर्काउनु गलत छ।"

यो घटनाले अमेरिकाको अध्यागमन नीति र शरणार्थी संरक्षणको भविष्यमाथि प्रश्न उठाएको छ। भुटानी समुदायका नेताहरूले सरकारसँग जवाफ मागिरहेका छन्, र यो विषयमा थप जानकारी सोमबारसम्म अपेक्षा गरिएको छ। आएसीईले भने यो कारबाही संघीय कानून र नीतिअनुसार भएको दाबी गरेको छ।

यहाँ छ जना भुटानी शरणार्थीहरूको नाम र विवरणहरू छन् जसलाई अमेरिकी अध्यागमन तथा भन्सार प्रवर्तन (आइसीई) ले मार्च २०२५ मा पेन्सिल्भेनियाबाट देश निकाला गरेको थियो।

**चन्द्र खरेल**
उत्पत्तिः भुटानको मूल निवासी
अमेरिका प्रवेशः सन् २०१७ मा पेन्सिल्भेनियामा शरणार्थीको रूपमा भर्ना
अभियोगः बलात्कार र नाबालिग (१५ वर्षीया नाबालिका) माथि यौन दुर्व्यवहार, डाउफिन काउन्टीमा; ५-१० वर्षको कारावास सजाय
आइसीई कारबाहीः मे ३०, २०२४ मा पक्राउ; जनवरी ९, २०२५ मा हटाउने आदेश; मार्च २६-२८, २०२५ मा देश निकाला

**बिदुर खड्का**
उत्पत्तिः भुटानको मूल निवासी
अमेरिका प्रवेशः सन् २०११ मा न्यूयोर्कमा शरणार्थीको रूपमा भर्ना
अभियोगहरूः घाँटी थिचेर हत्या प्रयास (२०२२, एलेघेनी काउन्टी, २-४ वर्ष जेल र २ वर्ष परिवीक्षा); बालबालिकाको कल्याणमा खतरा (२०२२, ५ वर्ष परिवीक्षा); साक्षी/पीडितलाई धम्की (२०२०, ६-१२ महिना जेल)
आइसीई कारबाहीः अप्रिल २०२३ मा उपस्थित हुने सूचना; अगस्ट २०२३ मा हटाउने आदेश; मार्च २६-२८, २०२५ मा देश निकाला

**अशोक गुरुङ**
उत्पत्तिः नेपालको मूल निवासी, भुटानको नागरिक
अमेरिका प्रवेशः सन् २०१२ मा न्यूजर्सीमा शरणार्थीको रूपमा भर्ना
अभियोगः गम्भीर आक्रमण (२०१४, जर्जिया, ३ वर्ष कारावास)
आइसीई कारबाहीः जुलाई २०१७ मा हटाउने आदेश; मार्च ९, २०२५ मा ह्यारिसबर्गमा पक्राउ; मार्च २६-२८, २०२५ मा देश निकाला

**बहादुरसिंह राई**

❖ बाँकी अन्तिम पृष्ठमा

# १५० ग्राम ब्राउनसुगरसहित भारतीय नागरिक पक्राउ



झापा(प्रस) । ठूलो मात्रामा लागूऔषध ब्राउनसुगरसहित एक भारतीय नागरिक सीमा क्षेत्रमा पक्राउ परेका छन् । मंगलवार दिउँसो ४ बजे भारतको पानीट्याङ्कीको शिव मन्दिर हुँदै मेची खोलाको बाटो गरी नेपालतर्फ लागूऔषध भित्र्याइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले भारत पश्चिम बंगाल दार्जिलिङ जिल्ला मञ्जयाजोत खोरीबारी थाना बस्ने ४१ वर्षीय राजेन बर्मनलाई ठूलो मात्रामा लागूऔषधसहित पक्राउ गरेको हो ।

मेचीनगर नगरपालिका वडा नं. ६ स्थित भान्सा खोलामा भारतबाट नेपालतर्फ आउँदै गर्दा बर्मनलाई शंकास्पद अवस्थामा फेला पारी खानतलासी गर्दा उनको साथबाट प्लाष्टिकसहित १५० ग्राम ९८० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । लागूऔषधसहित उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट झापा जिल्ला अदालतमा उपस्थित गराई ५ म्याद थप गरी अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## वार्षिक साधारण सभाको मिति परिवर्तन गरिएको सूचना

**यस आदिवासी राजवंशी भाषिक सांस्कृतिक विकास प्रतिष्ठान भद्रपुरको मिति २०८१/१२/२६ गते बसेको कार्यसमितिको बैठकको निर्णय बमोजिम मिति २०८२/१/३ गते बुधबार संस्थाको दोस्रो वार्षिक साधारणसभा गर्ने भनी सूचना प्रकाशन गरिएकोमा सो मितिमा संस्थाले सिरुवा पावनी २०८२ र साधारण सभा दुबै कार्यक्रम एकसाथ गर्न समयको अभाव भएकोले हाललाई साधारण सभाको कार्यक्रमलाई स्थगित गरी सिरुवा पावनी कार्यक्रम मात्र गर्ने निर्णय गरिएको छ । बार्षिक साधारण सभा २०८२ को बैशाख मसान्तभित्र गर्ने निर्णय गरिएको छ र सो सम्बन्धी सिरुवा कार्यक्रमपश्चात् सूचना प्रकाशित गरिने साधारण सदस्य , आजीवन सदस्य एबम् सम्पूर्ण सरोकारवाला महानुभावहरुमा जानकारी गराउँदछौ ।**

**नोट : सदस्यता नवीकरणको लागि संस्थाको कार्यालय मन्त्री चोकमा सम्पर्क गरी नवीकरण गरिदिनु हुन अनुरोध गर्दछौ ।**

**सम्पर्क नं ९८०७९१६४७८,९८०४९३९४७९**

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# हामी विचौलिया होइनौं–लेखापढी व्यवसायी

बिर्तामोड(प्रस) । मेची लेखापढी व्यवसायी संघ झापाले अदालतबाट अड्डा अदालतमा लेखापढी गर्ने प्रमाणपत्र प्राप्त गरी कानुनसम्मत व्यवसाय सञ्चालन गर्दै आएको जनाउँदै धरपकडले गम्भीर अवस्था र त्रासको वातावरण सृजना भएको जनाएको छ । यातायात व्यवस्था कार्यालयमा विगत लामो समयदेखि लेखापढी व्यवसाय गर्दै आएका लेखापढी व्यवसायीहरुमाथि भएको धरपकडप्रति संघले गम्भीर चिन्ता व्यक्त गरेको हो ।

झापा जिल्ला अदालतलगायतका जिल्ला अदालतबाट अड्डा अदालतमा लेखापढी गर्ने प्रमाणपत्र प्राप्त गरी कानुनसम्मत व्यवसाय सञ्चालन गर्दै आएको भएपनि केही गलत गर्ने व्यक्तिका कारण 'बिचौलिया' भनेको भन्दै संघले आपत्तिसमेत जनाएको छ ।

संघले मंगलबार बिर्तामोडमा पत्रकार सम्मेलन गर्दै विगत लामो समयदेखि ठगी गर्दै आएका अनाधिकृत व्यक्ति विशाल भण्डारी कार्यालयको सम्पर्कमा रहेका बेला नै पक्राउ नगर्दा हाल फरार रहेको र उनी संघको सदस्य नरहेको समेत जानकारी गराउँदै उनलाई अविलम्ब पक्राउ गर्न समेत माग  माग गरेको छ ।

अनाधिकृत व्यक्तिले गरेको अपराधलाई लेखापढी व्यवसायीसँग जोडेर अनावश्यक दोषारोपण हुनुले मर्यादित व्यवसाय गर्दै आएका व्यवसायीमाथि आघात पुगेको संघका सचिव इश्वर सुवेदीले बताए । कानुनी मान्यताप्राप्त लेखापढी व्यवसायीलाई विचौलिया, दलालजस्ता असभ्य भाषाको सम्बोधन सरकारी निकायबाटै भएको बताउँदै सचिव सुवेदीले सम्मानित अदालतकै गरिमामा आघात पुग्ने गरि यस किसिमका निकृष्ट सम्बोधन नगर्नसमेत आग्रह गरेका छन् ।

कानुनले सर्वोच्चतामा 'दोषी नछुटोस्, निर्दोष नफसोस' भन्ने मान्यतालाई समेत ध्यानमा राखेर निर्दोष लेखापढी व्यवसायीलाई धरपकड नगर्न र सहज रुपमा काम गर्ने वातावरण बनाइदिन अध्यक्ष युवराज निरौलाले सम्बन्धित निकायसँग आग्रह गरेका छन् । सरकारी राजस्व दाखिलाका लागि लाइनमा बसेका बेला पक्राउ परेका सहयोगीलगायतलाई रिहा गरि यस किसिमको धरपकडका श्रृखला बन्द  गर्नसमेत उनीहरुले जोडदार माग  गरेका छन् ।

लेखापढी व्यवसायीमा देखिएको त्रासको वातावरण नहटेसम्म व्यवसाय सञ्चालन गर्ने अवस्था नरहेको जानकारी गराउँदै यसले सेवाग्राहीहरुमा परेको असुविधाप्रति संघले क्षमासमेत मागेको छ ।

सेवाग्राहीकै आग्रहमा कार्य सहजीकरण गर्दै आएको, कसैप्रति कुनै दुर्व्यवहार नगरेको र आगामी दिनमा समेत संघका सदस्यले सेवाग्राहीको आग्रहविना वा इच्छाविपरित कुनै काम नगर्ने, चाहने सेवाग्राहीलाई सदैव काम गर्ने तरिका, सम्पर्क स्थान देखाउने चिनाउने गर्दै आएको र यो क्रमलाई निरन्तर दिने, मर्यादाविपरित करकाप गरे जानकारी गराए त्यस्ता व्यवसायीलाई कार्वाही गर्न  प्रतिवद्ध रहेकोसमेत संघले जनाएको छ ।

केही दिनअघि प्रहरीले यातायात व्यवस्था कार्यालय बिर्तामोडबाट ९ जनालाई बिचौलियाको संज्ञा दिदै पक्राउ गरी ५ दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको छ । तीमध्ये दुई जना लेखापढीका सदस्य रहेको संघले जनाएको छ ।

पत्रकार सम्मेलनमा संघका संस्थापक सचिव केदारकुमार श्रेष्ठ, सदस्य सागर तिवारीलगायतले आ-आफ्नो धारणा राखेका थिए । उनीहरुले सोमवारदेखि काम गर्ने वातावरण नरहेको जनाउँदै आ-आफ्नो कार्यालय बन्द गरेका छन् । संघले काम गर्ने वातावरण सिर्जना गरिदिन आग्रह गर्दै जिल्ला प्रशासन कार्यालय झापा र यातायात कार्यालयमार्फत मन्त्रालयलाई पनि सोही विवरणको ज्ञापनपत्र बुझाएको संघका सचिव सुवेदीले बताएका छन् । सहयोगी अर्थात कर्मचारी राखेर काम गरेको बताउँदै नियम कानुनले नपाउने भए त्यसको व्यवस्था गर्न आफूहरु तयार रहेको उनीहरुको भनाई छ ।

# जन्मदिनको अवसरमा 'ब्यवसाय राहत कोष'मा सहयोग



झापा(प्रस) । बिर्तामोडका व्यवसायी किरणरत्न भण्डारीले बिर्तामोड उद्योग वाणिज्य संघलाई २१ हजार रुपैयाँ सहयोग गरेका छन् । संघले स्थापना गरेको 'व्यवसायी राहत कोष'का लागि प्रथम इलेक्ट्रोनिक्सका सञ्चालकसमेत रहेका भण्डारीले २१ हजार रुपैयाँ सहयोग गरेका हुन् । आफ्नो जन्मदिनको अवसर पारेर भण्डारीले उक्त रकम संघका अध्यक्ष राजु न्यौपानेलाई प्रदान गरेका थिए । बिर्तामोड उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रमकाबीच भण्डारीले सहयोग रकम हस्तान्तरण गरेका हुन् । बिर्तामोड उद्योग वाणिज्य संघले एक करोड रुपैयाँको व्यवसायी राहत कोष स्थापना गरेर सहानीय काम गरेको भन्दै भण्डारीले अन्य व्यवसायीलाई समेत उक्त कोषमा रकम प्रदान गर्न आग्रह गरेका थिए । सो अवसरमा भण्डारीलाई बिर्तामोड उद्योग वाणिज्य संघले कदरपत्र प्रदान गर्दै सम्मान गरेको छ ।

संघका पदाधिकारीसहितका कार्यसमिति सदस्यले उनलाई सामूहिक रुपमा कदरपत्र प्रदान गरेका थिए । कार्यक्रमको संचालन संघका कोषाध्यक्ष युवराज निरौलाले गरेका थिए ।

# अर्धनग्न अबस्थामा जंगलभित्र महिलाको शव फेला

झापा(प्रस)। सुनसरीको धरान-६ स्थित पाँचकन्या सामुदायिक वनभित्र अर्धनग्न अवस्थामा महिलाको शव फेला परेको छ । सोमवार दिउँसो १२;३० बजे पाँचकन्या सामुदायिक वनमा तत्काल नामथर वतन नखुलेको अन्दाजी ३० वर्षकी महिला लसुनेको रुखमा हाते झोलाको फित्ता घाँटीमा बेरिएको मृत अवस्थामा भेटिएकी हुन् ।उनको अनुहारमा निलडाम देखिएको छ भने शरीरको तल्लो भाग नाङ्गो अवस्थामा रहेको प्रहरीले जनाएको छ ।

अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय धरानबाट टोली खटिएको थियो । थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय सुनसरीका कार्यालय प्रमुख प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाको कमाण्डमा प्रहरी टोलीसहित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट फोरेन्सिक विशेषज्ञ डाक्टरको टोली समेत खटिएको थियो ।

उता बिराटनगरको बसपार्कस्थित सार्वजनिक शौचालयको छेउमा एक महिला मृत फेला परेकी छन् । मागी खाई हिड्ने अन्दाजी ६० वर्षकी नाम, थर, वतन नखुलेकी महिला मृत सोमवार दिउँसो मृत फेला परेकी हुन् । अनुसन्धान तथा कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय मोरङबाट टोली खटिएको जनाइएको छ ।

# पिकअप पल्टिँदा बालिकासहित दुईको मृत्यु, २२ जना घाइते

झापा(प्रस) ।लुम्बिनीको मायादेवी मन्दिरबाट मुण्डन संस्कार सकेर घर फर्कने क्रममा पिकअप पल्टिँदा एक बालिकासहित दुई जनाको मृत्यु भएको छ भने अन्य २२ जना घाइते भएका छन् ।

रुपन्देही लुम्बिनी सांस्कृतिक नगरपालिका-७ शिवगढीयास्थित लुम्बिनी-सूर्यपुरा पक्की सडकखण्डमा लुम्बिनीबाट भरवलीयातर्फ जाँदै गरेको लु १ च २७६३ नं.को पिकअप गाडी ओभरस्पिडमा चलाउँदा सोमवार साँझ अनियन्त्रित भई दुर्घटना भएको हो । लुम्बिनी सांस्कृतिक नगरपालिका-७ स्थित शिवगढिया मोडमा लु १च २७६३ नम्बरको भ्यान पल्टिँदा गैँडहवा गाउँपालिका-१ शिवपुरवाकी १२ वर्षीया अस्मिता यादव र शुद्धोधन गाउँपालिका-६ मानमटेरियाकी ४८ वर्षीया ज्ञानमती यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ ।

घाइतेमध्ये तीन जनाको लुम्बिनीस्थित लाइफ केअर अस्पताल र १९ जनाको भैरवास्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज रानीगाउँमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय लुम्बिनीले जनाएको छ ।

घटनाको प्रत्यक्षदर्शी सन्दीप गुप्ताका अनुसार तीव्र गतिमा गुडिरहेको उक्त भ्यान मोडमा पुगेपछि अनियन्त्रित भई पल्टिएको थियो । भ्यानमा सवार २४ जना यात्रु लुम्बिनीस्थित मायादेवी मन्दिरबाट मुण्डन संस्कार सकेर घर फर्कने क्रममा दुर्घटना भएको उनले जानकारी दिए ।

दुर्घटनापछि कपिलवस्तु जिल्ला शुद्धोधन गाउँपालिका-४ बिठुवा बस्ने सवारी चालक २६ वर्षीय अशोक पासीलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले बताए । सामान बोक्न प्रयोग गरिने पिकअप भ्यानमा क्षमताभन्दा बढी यात्रु सवार हुँदा भारवहन क्षमता बढी भई दुर्घटना भएको उनले उल्लेख गरे ।

लाईफ केयर पोलिक्लिनिकमा उपचार भइरहेका घाइतेहरु

१. रुपन्देही लुम्बिनी सांस्कृतिक ८ भरवलिया बस्ने वर्ष ३० की उर्मिला यादव छातीमा चोट अवस्था मध्यम

२.ऐ. ऐ. ऐ. बस्ने वर्ष ३० की मन्जु यादव टाउकोमा चोट अवस्था मध्यम

३.ऐ. ऐ. ऐ. बस्ने वर्ष ६५ का शान्ति यादव टाउकोमा चोट अवस्था मध्यम

युनिभर्सल मेडिकल कलेज भैरहवामा उपचार भइरहेका घाइतेहरु

४.ऐ. ऐ. ऐ. बस्ने वर्ष ५५ की गोल्की यादव अनुहारमा चोट अवस्था मध्यम

५.ऐ. ऐ. बस्ने वर्ष ३ की अस्मिका यादव अनुहारमा चोट अवस्था मध्यम

६.ऐ. ऐ. बस्ने वर्ष ६ की रिया यादव अनुहारमा चोट अवस्था मध्यम

७.ऐ. ऐ. बस्ने वर्ष ३ की निया यादव टाउकोमा चोट अवस्था मध्यम

८.ऐ. ऐ. बस्ने वर्ष ७ की रुपा यादव हात र खुट्टामा चोट अवस्था मध्यम

९.ऐ. ऐ. बस्ने वर्ष ६ की प्रतिमा यादव हात र खुट्टामा चोट अवस्था मध्यम

१०. ऐ. ऐ. बस्ने वर्ष १६ की लक्ष्मी यादव टाउकोमा चोट अवस्था गंभीर

११. ऐ. ऐ. ११ मसिना बस्ने वर्ष ३५ की रिया यादव टाउकोमा चोट अवस्था मध्यम

१२. ऐ. ऐ. बस्ने वर्ष ३५ की प्रभावती यादव छातीमा चोट अवस्था मध्यम

१३. ऐ. ऐ. बस्ने वर्ष ११ की रुचि यादव टाउकोमा चोट अवस्था मध्यम

१४. ऐ. ऐ. ९ पकडीहवा बस्ने वर्ष ३५ की बिमलावती यादव टाउको र हात खुट्टामा चोट अवस्था मध्यम

१५. मायादेवी गा.पा. ४ भैंसकुण्डा बस्ने वर्ष ६५ की गुडडी यादव अनुहारमा चोट अवस्था मध्यम

१६. ऐ. ऐ. बस्ने वर्ष ३५ की गिता यादव टाउकोमा चोट अवस्था गंभीर

१७. ऐ. ऐ. बस्ने वर्ष ५ की रुपाली यादव टाउकोमा चोट अवस्था मध्यम

१८. सम्मरीमाई गा.पा. ६ गंगोलिया बस्ने वर्ष ४० की गिता यादव अनुहारमा चोट अवस्था मध्यम

१९. ऐ. ऐ. बस्ने वर्ष १५ को प्रदीप यादव टाउकोमा चोट अवस्था मध्यम

२०. ऐ. ऐ. बस्ने वर्ष ४० की सरावती यादव छाती र टाउकोमा भित्री चोट अवस्था मध्यम

# क्रसरको मेसिनले कामदारको हात छिन्यो

झापा(प्रस) । झापाको मेचीनगर नगरपालिका वडा नम्बर-१२ पिपलडाँगीस्थित राजधानी क्रसर उद्योगमा मेसिनले हात काटिएर एक कामदार घाइते भएका छन् । मंगलवार दिउँसो अन्दाजी २:३० बजे राजधानी क्रसर उद्योगमा काम गर्ने कामदार सोही ठाउँ बस्ने ६० वर्षीय सन्तबहादुर दर्जी ढुंगा टुक्र्याउने मेसिनमा काम गर्ने क्रममा मेसिनले उनको हात च्यापेको थियो । जसबाट उनको बाँया हातको कुहिनाभन्दा मुनिको भाग छिनेको छ । घाइतेको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको र अवस्था


### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री प्रेम राज आङ्देम्बे,उत्तर : श्री सिता गौतम को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री सन्तोष शाहले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०० ८०२१ | ४११ | १०८.३५ | २०८०/ ०८ /१८ | २०८०/ ०८ /१८ | २०८१/ १२/२५ |


# १४ वर्षीय बालकले ९ वर्षीया नाबालिकालाई गरे बलात्कार



झापा(प्रस)। मोरङमा १४ वर्षीय बालकले १६ वर्षीया नाबालिकालाई गरे बलात्कार गरेका छन् । मोरङ धनपालथान गाउँपालिका वडा नं. ४ हरकपुर बस्ने १४ वर्षीय बालकले सोही ठाउँ बस्ने ९ वर्षीया नाबालिकालाई बलात्कार गरेका हुन् ।

आइतवार दिउँसो १.३० बजे घरमा कोही नभएको मौका पारी पीडितको घरको दलानमा सुताई मुखधुनि ती बालकले जवरजस्ती करणी गरेका थिए । सोमवार साँझ ५ बजे इलाका प्रहरी कार्यालय रंगेलीमा जानकारी प्राप्त हुनसाथ प्रहरी चौकी कर्सियाबाट प्रहरी टोली खटिएर ती बालकलाई नियन्त्रणमा लिएको छ । उनलाई अनुसन्धानको लागि इप्रका रंगेलीको बाल निगरानी कक्षमा राखिएको प्रहरीले जनाएको छ ।

# हलुवागढ वनभित्र महिलाको सडेको शव फेला

झापा(प्रस)। झापाको अर्जुनधारा नगरपालिका वडा न.१ स्थित हलुवागढ सामुदायिक वनभित्र महिलाको सडेको शव फेला परेको छ ।

सोमवार दिउँसो १२ बजेतिर घाँस काट्न गएका स्थानीयले हलुवागढ सामुदायिक वनभित्र आँपखोल्सी भन्ने स्थानमा कपाल र हाडखोर मात्र भएको महिलाको सडिसकेको शव फेला परेको थियो । उनीहरुले प्रहरी चौकी शनिश्चरेमा जानकारी गराएपछि प्रहरी टोली पुगेको थियो ।

मृतक इलाम रोङ गाउँपालिका २ बर्फल्याङ बस्ने ६२ वर्षीया सीतादेवी खड्का भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । मानसिक अवस्था ठीक नभएकी ती वृद्धा गत माघ २८ गतेदेखि घरबाट हराएकी थिइन् । उनीहरुले यसअघि पनि उनी तीन-चारपटक हराएकी थिइन् । ती वृद्धा हराएको भनेर परिवारले प्रहरीमा निवेदन दिएका थिए ।कपडाको आधारमा पहिचान गरी मृतकका छोरीले शव बुझेर लिएर गएको डीएसपी विष्टले जानकारी दिएका छन् ।

### आपराधिक...

उत्पत्तिः भुटानको मूल निवासी

अमेरिका प्रवेशः सन् २०११ मा न्यूयोर्कमा शरणार्थीको रूपमा भर्ना

अभियोगः घरेलु हिंसा/आक्रमण, बालवालिकाको उपस्थितमा (२०१३, इडाहो, ९० दिन जेल, ५ वर्ष परिवीक्षा, जरिवाना)

आइसीई कारवाहीः अगस्ट २०१३ मा उपस्थित हुने सूचना; सेप्टेम्बर २०१३ मा स्वेच्छिक प्रस्थानको अनुमति (अस्टोबरसम्म प्रस्थान नगरेको); मार्च ७, २०२५ मा पिट्सबर्गमा पक्राउ; मार्च २६-२८, २०२५ मा देश निकाला

नाम सार्वजनिक रूपमा उल्लेख नगरिएको

उत्पत्तिः भुटानी शरणार्थी

अमेरिका प्रवेशः सन् २००८-२०१७ को बीचमा वैधानिक रूपमा भर्ना

अभियोगः आक्रमण (विवरण खुलाइएको छैन, डाउफिन काउन्टी)

आइसीई कारवाहीः मार्च २६-२८, २०२५ मा देश निकाला

नाम सार्वजनिक रूपमा उल्लेख नगरिएको

उत्पत्तिः भुटानी शरणार्थी

अमेरिका प्रवेशः सन् २००८-२०१७ को बीचमा वैधानिक रूपमा भर्ना

अभियोगः चोरी र आतंककारी धम्की (विवरण खुलाइएको छैन, पेन्सिल्भेनिया)

आइसीई कारवाहीः मार्च २६-२८, २०२५ मा देश निकाला

यी व्यक्तिहरू पेन्सिल्भेनियाका ६ जना बासिन्दा (तीन जना डाउफिन काउन्टी, दुई जना एलेघेनी काउन्टी, एक जना ल्यानकास्टर काउन्टी) मध्ये थिए । जसलाई मार्च २६-२८, २०२५ बीच देश निकाला गरिएको थियो।


## नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा, फोन नं. ०२३-५३३०५६

### ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/२७

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ। २०८१/११/११ गतेका दिन प्रथम पटक सूचनामा ३५ दिने सूचना प्रकाशित भएता पनि त्यस सूचनालाई बेवास्ता गरेको पाइएकोमा पुन : १५ दिने सूचना प्रकाशित गरिएकाले प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, व्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत) चुक्ता गर्नुहुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा तपशिलका ऋणी वा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको विवरणः | धितो जमानत धनजमानीको विवरण |
|---|---|
| ऋणीको नामः रुक्सुम अधिकारी | नामः छविरमण अधिकारी |
| बाबुको नामः लोमराज निरौला | बाबुको नामः खोमनाथ अधिकारी |
| बाजेको नामः मनोरथ निरौला | बाजेको नामः धर्मानन्द अधिकारी |
| ना.प्र.नं.: ०४१०११/१७८५ | ना.प्र.नं. : ७१३९ |
| जारी मितिः २०६८/०३/०९ | जारी मितिः २०५२/१०/१७ |
| ठेगाना स्थाईः अर्जुनधारा ०६, झापा | ठेगाना स्थाई : सुवाङ ८, पाँचथर |
| ठेगाना हालः अर्जुनधारा ०५, झापा | ठेगाना हालः अर्जुनधारा ५, झापा |

**धितोको विवरणः**

जग्गाधनीको नामः रुक्सुम अधिकारी
बाबुको नामः लोमराज निरौला
बाजेको नामः मनोरथ निरौला
पतिको नामः छविरमण अधिकारी
ठेगानाः गरामनी ९, झापा
सिट नं. १७९०१९८, १७९०१९८
कि.नं. ७९ र ३१०
क्षेत्रफलः ८३५ र ६९७ वर्गमिटर


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# डढेलोको चिन्ता

केही दिनअघि डढेलोके कारण पाँचथरमा दुईजनाको ज्यान गयो । त्यस्ते लाखौ धनमालको क्षति भयो । पछिल्ला दिनहरूमा काठमाडौंको हावा निरन्तर धेरै खराब छ। सवारीसाधनबाट निस्किएको धूवाँ, औद्योगिक क्षेत्र र निर्माणबाट निस्किने धूलो, फोहोर–पातपतिंगर जलाउँदा निस्किएको धूवाँको मुस्लो मिसिएर वायुमण्डल उकुसमुकुस हुन पुगेको छ। यस बाहेक गत साताका अधिकांश दिन काठमाडौं सहित देशभर हावा अत्यधिक अस्वस्थ हुनुको मुख्य कारण मानिएको छ, डढेलो। पानी नपरेको सुक्खा जमीन तात्दै गएसँगै पछिल्ला दिनमा देशका दर्जनौं स्थानका वनजंगललाई डढेलोले लपेटेको छ। चुरे र तराई क्षेत्रमा लागेको डढेलोको यस्तो धूवाँलाई वायुले सोहोरेर ल्याएसँगै काठमाडौं श्वासै फेर्न कठिन स्थितिमा पुगेको छ।

तुवाँलाको सिरक ओढे जस्तो स्थितिमा पुगेको वायुमण्डल धूवाँ–धूलो मुक्त हुन ठूलो वेगको हावाहुरी र पानी चाहिएको छ। मौसमविद्हरूले बुधबारदेखि देशैभर पानी पर्न सक्ने प्रक्षेपण गरेका छन्। यस वर्षको हिउँद याम (मध्य मंसीरदेखि–मध्य फागुन)मा मात्र होइन, प्रिमनसुन अवधि शुरू भइसक्दा समेत छिटपुट बाहेक पानी परेको छैन। खेतबारीका लागि मात्र होइन, वायुमण्डलको धूवाँ–धूलो पखाल्न र वनजंगलमा लागेको अनियन्त्रित डढेलो साम्य पार्न समेत ठूलो पानीको प्रतीक्षा छ।

वन तथा भूसंरक्षण विभागको डढेलो पहिचान तथा अनुगमन प्रणालीका अनुसार अप्रिल महिना शुरू भएयताको एक सातामा देशका ६२ जिल्लाका ८८५ स्थानमा डढेलो सल्किएको छ। गत मार्च महिनामा मात्रै देशका ६२१ स्थानमा डढेलो लागेको थियो। प्रणालीले अमेरिकी अन्तरिक्ष सम्बन्धी संस्था नासाको मोडिज स्याटेलाइटले पहिचान गरेका डढेलोका आधारमा यस्तो तथ्यांक राखेको हो।

यस वर्ष डढेलोको संख्या गत वर्षको तुलनामा निकै धेरै देखिएको छ। यो किन पनि चिन्ताजनक हो भने, सन् २०२४ पछिल्लो दशकमा अत्यधिक धेरै स्थानमा डढेलो लागेको वर्षमध्ये एक हो। तर यस वर्ष गत वर्षको तुलनामा समेत धेरै स्थानमा डढेलो सल्किइरहेको छ।

सन् २०२४ को जनवरीदेखि अप्रिल पहिलो सातासम्म देशभर एक हजार ४० स्थानमा डढेलो लागेको थियो। सन् २०२५ मा भने ७ अप्रिलसम्म एक हजार ८४२ स्थानमा डढेलो सल्किएको छ। यसले गत वर्षका तुलनामा यस वर्ष ७७ प्रतिशत बढी स्थानमा डढेलो लागेको देखाउँछ।

सामान्यतया विगतमा अत्यधिक डढेलो लागेको साल लगत्तैको वर्षमा थोरै डढेलो लाग्ने प्रवृत्ति देखिन्थ्यो। जस्तै– बितेका १३ वर्षमा सर्वाधिक डढेलो लागेको वर्ष थियो, सन् २०२१। उक्त वर्ष देशका ६ हजार ५३७ स्थानमा डढेलो सल्किएको थियो। लगत्तैको वर्ष सन् २०२२ मा एक हजार ५२८ स्थानमा डढेलो सीमित हुनपुग्यो। जंगलको इन्धन अर्थात् सुकेका दाउरा, पातपतिंगर डढेलोले जलाइसकेपछि लगत्तै अर्को वर्ष सोही ठाउँमा डढेलो लाग्दैन भन्ने मान्यता थियो। यसले गर्दा डढेलोको संख्यामा पनि कमी आएको प्रवृत्ति देखिन्थ्यो।

तर यस वर्ष त्यसो भएन। सन् २०२४ मा देशका पाँच हजार २१६ स्थानमा डढेलो लागेको थियो। यो सन् २०१२ यताको दोस्रो सर्वाधिक डढेलो लागेको वर्ष थियो। अहिलेसम्मको प्रवृत्ति हेर्दा सन् २०२५ ले त्यो रेकर्ड समेत तोड्ने सम्भावना देखिएको छ। यद्यपि आगामी साताहरूमा मनग्ये पानी परे डढेलो धेरै फैलिन पाउने छैन।




Pratidin National Daily
प्रतिदिन
PRATIDIN NATIONAL DAILY
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# दण्डहीनताको अन्त्य जरुरी



• अमृत गिरी

नयाँ राजनीतिक व्यवस्था बहाली भएको करिब दुई दशक पुगेको छ । २०६२/६३ को जनआन्दोलनको सफलतासँगै संविधान सभाको दोस्रो चुनावमार्फत संविधान जारी भएर मुलुक संघीयतामा गएको हो । यो अवधिमा भएका केही घटनाक्रमलाई सरसर्ती हेर्दा नागरिकमा परिवर्तनसँगै आफूहरूको अवस्था पनि फेरिनुपर्ने आकांक्षा छ । यस्तो आकांक्षा अस्वाभाविक पनि होइन । सीमित मात्रामा रहेका स्रोतसाधनले असीमित जस्तै रहेका जनआकांक्षालाई सम्बोधन गर्न सक्ने अवस्था छैन । आकांक्षाबमोजिमका सबै काम एकैचोटि पूरा हुने अवस्था छैन र कहीँ हुँदैन पनि । समाजवाद नै आए जसरी हामी नागरिक प्रस्तुत हुन्छौँ तर समाजवाद त आइसकेको छैन नि भनेर सोच्दैनौँ । उल्टै नयाँ संवैधानिक व्यवस्थाप्रति नै प्रश्न उठाउँछौँ । दुई तिहाइबाट संविधान संशोधन गरेर व्यवस्था बदल्ने, फेर्ने र सुधार्ने उपाय पनि छन् भनेर बुझ्न र बुझाउनतर्फ लाग्दैनौँ । पछिल्लो समाजमा भिड, होहल्ला र सामाजिक सञ्जालको दुरुपयोग गर्दै देखिने एकपक्षीय सक्रियताका आधारमा धारणा बनाउने खतरनाक प्रवृत्ति मौलाउँदै गएको छ । अझ भनौँ नयाँ नयाँ प्रविधि र उपायको चरम दुरुपयोग गर्दै तथ्य र प्रमाणको कुनै वास्ता नगरी झुटो प्रचार र अराजकतालाई मलजल गर्ने काम भइरहेको छ । प्रविधिको दुरुपयोगबाट सत्य ओझेलमा पार्ने कोसिस भइरहेको छ । यस्तो अभ्यासले कानुनी शासन, सामाजिक सद्भाव र लोकतान्त्रिक प्रणालीमाथि गम्भीर सङ्कट निम्त्याइरहेको छ । यहीबेलामा राजतन्त्रका पक्षमा जुलुससमेत भइरहेका छन् । लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो भनेर पनि बुझाउनुपर्ने अवस्था आउनु भनेको दुःखद कुरा हो ।

आशङ्कालाई कम गर्न सकिन्छ, शङ्कालाई निवारण गर्न सकिन्छ र अलमलमा परेका व्यक्तिलाई बाटो देखाउन पनि सकिन्छ तर पूर्वाग्रहलाई कसै गरी सुधार्न, बुझाउन र बाटो देखाउन सकिन्न । राजनीतिक विचार, पार्टी वा नेतृत्व मन पर्नु र नपर्नु स्वाभाविक हो तर तथ्यहीन आलोचना र पूर्वाग्रही ढङ्गले एकोहोरो प्रहार गर्नु सरासर अनुचित हो । आज जसको आलोचना गरिन्छ, भोलि त्यही भिड अरूलाई पनि टोक्न सक्छ । भिडभित्र अनेक तत्व लुकेको हुन्छ र जस्तोसुकै अपराध पनि गर्न सक्छ भन्ने कुराको ताजा उदाहरण तीनकुनेको हालैको घटनालाई हेरे पुग्छ । त्यसैले सत्य र असत्यको मूल्याङ्कन राजनीतिक आग्रह होइन, प्रमाणका आधारमा हुनु पर्छ । देशमा कानुन सबैका लागि बराबरी हो । भिड देखाएर अपराधी मुक्त हुनु भनेको न्यायको गम्भीर अपमान हुनु हो । यस्तो प्रवृत्तिले राज्य चलाउने विधि शृङ्खलामाथि नै प्रश्न उठाउँछ । सरकारको नेतृत्वमा को छ भन्ने होइन, कानुन कसरी लागु भइरहेको छ भन्ने आधारमा मूल्याङ्कन हुनु पर्छ र भिडका आधारमा कानुन प्रभावित पार्ने कुरा राम्रो हुँदैन । कानुनभन्दा माथि भिड होइन भनेर स्थापित गर्नुपर्ने छ ।

हरेक राज्यका आफ्नै विधि, पद्धति र नियम हुन्छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुन हुन्छन् । अराजकता मच्याएर विधि, पद्धति र कानुन मिच्न खोज्नु कदापि स्वीकार्य हुँदैन । सामाजिक सञ्जाल, सार्वजनिक मञ्च र कतिपय आमसञ्चारका माध्यममा फैलाइने झुटा प्रचारको तथ्यगत खण्डन गर्न राज्यका जिम्मेवार निकाय किन असफल देखिन्छन् ? न नियमन न अनुगमन न प्रमाणको खोजी नै भइरहेको छ । यस्तोमा पनि राज्यको मौनता हुनु भनेको अराजकतामा मलजल हुनु हो । राज्यले लोकतान्त्रिक राज्यको अनुभूति हुने गरी कानुनी शासनको प्रत्याभूति गराउनुपर्ने छ । नयाँ पुस्ता प्रविधिमा अभ्यस्त छ । उनीहरू विश्व घटनाक्रमसँग तुलना गर्छन् तर राज्यको स्रोत, सामर्थ्य र बाध्यता बुझ्न चाहँदैनन् । यसले निराशा जन्माउँछ र निराशा अराजकताको मूल कारण बन्छ । नीति बनाउँदा यो पुस्ताको मनोविज्ञान बुझेर योजनाबद्ध ढङ्गमा अघि बढ्न आवश्यक छ । कामका लागि बिदेसिनुपर्ने बाध्यताको अन्त्य गर्नुपर्ने छ । स्वदेशमै रोजगारीको सिर्जना गर्नुपर्ने छ । राज्यको सामर्थ्य र अवस्थाबारे युवापुस्तालाई जानकारी गराउनुपर्ने छ ।

देशमा प्राकृतिक स्रोतको दुरुपयोग र दोहन रोकिएको छैन । बरु नयाँ नयाँ तरिका र शैलीले भइरहेको छ । बन्जर पहाड खेर गइरहेका छन्, खोलाबाट बहने ढुङ्गा, गिट्टीको सदुपयोग भएको छैन तर अर्कातिर बिचौलियाले दोहन गरिरहेका छन् र मारमा आमसर्वसाधारण नै छन् । पहाड ताछेर बनाइएका बाटाहरू वर्षायाममा पहिरोको कारण विनाशक बनिरहेका छन्, बस्ती नै पहिरोमा पुरिएर जनधनको क्षति भइरहेको छ । त्यस्ता जोखिमका बस्ती स्थानान्तरण गर्नेतर्फ कसैको ध्यान जाँदैन । यी समस्या योजनाविहीन, प्रचारमुखी विकासको दुष्परिणाम हुन् । अब योजना छनोटदेखि कार्यान्वयनसम्मका काममा विवेक पुऱ्याउनुपर्ने छ ।

अहिलेको पुस्ताले सरकारी कार्यालयमा गएपछि फटाफट र बिनाकुनै झन्झट काम फत्ते होस् भन्ने चाहन्छ तर हाम्रो सेवा प्रवाह गर्ने धेरै निकायले त्यसरी काम गरिदिएको अवस्था छैन । कतिपय सेवाग्राहीले त निवेदनको ढाँचासमेत बनाउन सक्तैनन् र खोज्दैनन् पनि । उनीहरूलाई 'इरिटेड' बनाउने गरी सरकारी कार्यालयमा रहेका कर्मचारीले झ्याउ लाग्ने व्यवहार गर्छन् । बढी भिडभाड हुने कार्यालयका काममा त गएपछि प्रायः सेवाग्राहीले सरकारलाई नै सराप्ने गर्छन् । सेवा प्रवाहमा सुधार नभएसम्म सुशासनको अनुभूति हुन सक्तैन भन्ने बुझेर पनि त्यो कार्यान्वयन हुन सकिरहेको छैन । जनताले लिने सरकारी तथा सार्वजनिक सेवाको सहजता र गुणस्तरको अवस्था के छ, कसरी भइरहेको छ ? भन्नेबारे यकिन गर्न पनि प्रभावकारी अनुगमनको खाँचो छ । जबसम्म सेवा प्रवाह सहज, सरल, सुलभ र गुणस्तरीय हुँदैन तबसम्म जनतामा राज्यले अभिभावकीय भूमिका निर्वाह गरेको अनुभूति हुँदैन । अनुगमनलाई प्रभावकारी बनाउँदै सेवा प्रवाहलाई सहज र सबैको पहुँचमा हुने गरी सर्वसुलभ बनाउनेतर्फ राज्यका सम्बन्धित सबै निकायको बेलैमा ध्यान जान जरुरी छ ।

साथै नागरिक समाजले पनि अधिकारसँगै कर्तव्यको पनि बोध गर्ने वातावरण बनाउनुपर्ने छ । केवल अधिकारका लागि लडिरहने कुरा राम्रो हुँदैन । अहिले अराजक समूहले विभिन्न नाममा उत्पातपूर्ण प्रदर्शन गर्ने, तोडफोड र हिंसात्मक गतिविधि गर्ने, मान्छेलाई जिउँदै जलाउनेसम्मको राक्षसी प्रवृत्ति देखाउने जुन काम भइरहेको छ, एकप्रकारले यो अराजकता मच्चिएको सरकारले दण्डहीनताको अन्त्य नगर्नाले पनि हो । अराजक जत्थालाई त्यत्तिकै छाड्दा त्यस्ताको मनोबल उँचो भएको हो ।

कुनै पनि वाद, तन्त्रभन्दा माथि देश हो र जनता हुन् । संसद्बाट एक वर्षअघि पारित अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० लाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने छ । विकासनिर्माणका काम समयमै सम्पन्न नहुने, भएकाको पनि गुणस्तर सुधार नहुने जुन विडम्बना छ, त्यसको अन्त्यका लागि पनि उक्त ऐनको प्रभावकारी कार्यान्वयनको खाँचो छ ।

देशभित्र रोजगारीको अवस्था कमजोर हुँदै गएको छ । विदेश जाने युवाको सङ्ख्या बढ्दो छ भने त्यहाँ पनि जोखिम उस्तै छ । कृषिजन्य उत्पादनको उचित बजार अभावले किसान हतोत्साहित छन् । राज्यले दीर्घकालीन योजनाबिना समस्या समाधान गर्ने प्रयास नगरेसम्म यो असन्तुलन चुलिँदै जान्छ । गाउँमा खेती गर्ने जनशक्ति नहुनु, ज्येष्ठ नागरिकले खेती लगाउन नसक्नुको परिणाम आयात बढिरहेको छ र खेतीयोग्य जमिन बाँझै रहेको छ । अब राज्यले ढिला गर्नु हुँदैन । दण्डहीनताको अन्त्यका लागि स्पष्ट नीति, कठोर कार्यान्वयन र जवाफदेही शासनप्रणाली अनिवार्य छ । भिडले होइन, विधिले राज्य चल्छ भन्ने जनविश्वास पुनर्स्थापित गर्न आवश्यक छ । राज्यका सबै निकाय, सञ्चार माध्यम, नीति निर्माणकर्ता र नेतृत्व तहका सबैलाई संयम, विवेक र जिम्मेवारीसाथ प्रस्तुत हुने समय यही हो । राजनीतिक आस्थाका भरमा प्रतिस्पर्धा नगरौँ बरु देश बनाउन जुटौँ ।

# भ्रष्टाचार नियन्त्रणका रणनीतिक चुनौती



• ठाकुरप्रसाद बस्ताकोटी

नेपालको संविधान लागु भएसँगै वित्तीय तथा प्रशासनिक अनुशासन र नियन्त्रण, जवाफदेहिताको संस्कृति अभिवृद्धिसमेतमा विभिन्न कानुनी व्यवस्था थप गरियो । भ्रष्टाचारसम्बन्धी राष्ट्रसंघीय महासन्धि, २००३ लाई त नेपालले सन् २०११ मा नै अनुमोदन गरेको हो । हालै मात्र भ्रष्टाचार निवारण ऐन, २०५९ मा संशोधन विधेयकमार्फत कतिपय कसुर थप गरी सार्वजनिक क्षेत्रमा सुशासन अभिवृद्धिमा कानुनी व्यवस्था गरिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलबाट हालै प्रमाणीकरण भएका 'सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' तथा 'निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१' र ' आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' का धेरै व्यवस्थाले पनि नेपालमा सुशासनको प्रभावकारिता अभिवृद्धिमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

कानुन निर्माणमा संसद्को प्रभावकारिता प्रभावकारी हुन नसकेको अवस्थामाझ सार्वजनिक मात्र होइन, निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्ने उपायसमेत अवलम्बन गर्नैपर्ने जस्ता अन्तर्राष्ट्रिय कानुनका कतिपय व्यवस्था घरेलु कानुनको विशेषता बन्न भने बाँकी नै देखिन्छ । विशेष गरी सुशासनका लागि प्रभावकारी आनुपातिक र दुरुत्साहनमुखी देवानी, प्रशासनिक वा फौजदारी दण्ड दिने व्यवस्था गर्नुपर्ने संयुक्त राष्ट्रसंघीय महासन्धिको प्रावधानलाई घरेलु कानुनमा अवलम्बन गर्ने सम्बन्धमा नेपालमा मतैक्य हुन सकेको पाइँदैन ।

महालेखा परीक्षकको ६१ औँ प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औँ वार्षिक प्रतिवेदन, विभिन्न सर्वेक्षण र ट्रान्सपरेन्सी इन्टरनेसनललगायत अन्तर्राष्ट्रिय प्रतिवेदनबाट समेत सुशासनको अवस्थामा उल्लेख्य सुधार गर्न तहगत संरचनामा एकीकृत प्रयासको आवश्यकता छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचार सूचकाङ्क अवधारणा (सिपिआई) मा सन् २०२४ को प्रतिवेदनमा नेपाल १८० देशमध्ये ३४ अङ्क प्राप्त गरी १०७ औँ स्थानमा रहेको देखाएको छ । उक्त सर्वेक्षण अनुसार ५० अङ्क नल्याएका राष्ट्र भ्रष्ट देशको सूचीभित्र रहेको मानिन्छ भने ४३ अङ्कलाई औसत अङ्क मानिएको छ । चालु १६ औँ योजनाले हालको सूचकाङ्कमा सुधार गरी आवधिक योजनाको अन्त्यसम्म सूचकाङ्कलाई ४३ मा वृद्धि गर्ने लक्ष्य राखेको छ ।

विश्व बैङ्कले राजनीतिक स्थिरता, जनताको आवाज र उत्तरदायित्व, सरकारको प्रभावकारिता, नियामक गुण, विधिको शासन र भ्रष्टाचार नियन्त्रणलाई सुशासनका प्रमुख छ अवयवका रूपमा व्याख्या गरेको पाइन्छ । विश्व बैङ्कको 'गभर्नेन्स इन्डिकेट' का छ वटा सूचकमध्ये राजनीतिक स्थायित्वलगायत सबै सूचक नेपालमा खस्कँदो अवस्थामा देखिएको छ भने छ वटै सूचकमा ऋणात्मक अवस्था देखिई समग्र विधिको शासन तथा प्रशासकीय गुणस्तर नाप्ने तथ्याङ्क अनुसार सुशासनमा सार्थक कार्य हुनुपर्ने अवस्था विद्यमान छ ।

अवैध सम्पत्तिको आर्जन र स्रोत नखुलेको सम्पत्ति विदेश पठाएर पुनः वैदेशिक लगानीका नाममा नेपाल भित्रिने प्रवृत्तिले नेपालमा भ्रष्टाचारका नवीन प्रवृत्ति विकसित हुँदै गरेको देखाउँछ । सम्पत्ति शुद्धीकरणका यस्ता घटना सम्बन्धमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ समेतले गरेका व्यवस्था कार्यान्वयन अवस्था सबल बनाउनुपर्ने अवस्था छ । यससम्बद्ध कानुनी व्यवस्था व्यवहारमा प्रभावकारी नदेखिएको भन्नेसमेत आधारमा नेपालमा कालो धन संरक्षणको अवस्था जोखिमपूर्ण रहेको निष्कर्ष निकाली हालै दोस्रो पटक 'ग्रे लिस्ट' मा समावेश भएको अवस्था छ । नेपालमा भ्रष्टाचार नियन्त्रण ऐनले गरेको व्यवस्था हेर्दा पनि अझ कतिपय व्यवस्था अपुग रहेको देखिँदै आएको छ । यस अवस्थालाई गम्भीरतापूर्वक ग्रहण गरी वित्तीय र प्रशासकीय व्यवस्थापनको सुधारमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने छ ।

संघीयतामा सुशासन

संघीयता अवलम्बनसँगै स्रोत, अधिकार र साधनको विकेन्द्रीकरण हुँदा यसको प्रयोगमा देखिन सक्ने अनेक त्रुटि पहिचान गरी नियन्त्रण गर्नु चुनौतीपूर्ण छ । यसमा हाम्रो कार्यान्वयनको पक्ष सबल बनाउनुपर्ने छ । नीतिगत र योजनागत निर्णयका नाममा हुने अनियमितताबाट संस्थागत भएको भ्रष्टाचारमा नियामकीय र नियन्त्रणमुखी साधनको प्रयोगमा देखिएका त्रुटि र अभावलाई सुशासनको ऐनामा तुलना गर्न ढिलाइ भइरहेको छ । अवैध सम्पत्ति आर्जनका बहुआयाममा नयाँ प्रवृत्ति देखिँदै आएको छ । सूचना प्रविधिको विकास र विश्वव्यापीकरणको विकाससँगै भ्रष्टाचारको स्वरूपमा पनि परिवर्तन भइरहेको छ ।

लागुपदार्थ र सुन तस्कर तथा ओसार पसारमा नेपाल ट्रान्जिट बनिरहेको, राजस्व छलीको मात्रा व्यापक रूपमा बढेकोसमेतका कारणबाट कानुनबमोजिम उठ्नुपर्ने राजस्व उठ्न नसकेको, अवैध सामान तस्करीलगायत भन्सार छलीका घटना प्रशस्त रहँदै आएको, मानव बेचबिखनलगायत अवैध वैदेशिक रोजगारी (इराक, अफगानिस्तान, रसियन आर्मी भर्ती, भुटानी शरणार्थी प्रकरण र अन्य अवैध प्रवासन) का नाममा भ्रष्टाचार र ठगीजन्य घटनामा वृद्धि भइरहेकोसमेतको अवस्थामा भ्रष्टाचार र गैरकानुनी क्रियाकलापमा नियन्त्रण गर्ने कार्यमा चुनौती र जोखिमका क्षेत्र वृद्धि हुँदै गएका छन् ।

नेपालमा भ्रष्टाचार अनियमितता गरी विदेशमा गएर लेनदेन हुने गरेका नयाँ प्रवृत्ति नियामकीय निकायले नै पहिचान गरेको विषय हो । यसरी भ्रष्टाचारलाई तहगत शासनको प्रभावकारितामा ह्रास ल्याउने र स्वदेश तथा विदेशी भूमिमा सङ्गठित रूपमा समेत व्यापक बनाउने कार्य हुँदै गएको अवस्था छ ।

सुशासनमा बहुक्षेत्रको सहकार्य

समाजमा नैतिक मूल्यमान्यतामा ह्रास आउनु, सार्वजनिक जिम्मेवारीमा हुनेहरू कानुन र जनताप्रति उत्तरदायी नहुनुलगायतका मुख्य प्रवृत्ति नै सुशासनको प्रमुख समस्या हो । यसले संविधानले गरेका व्यवस्थाको कार्यान्वयनको स्तरमा ह्रास ल्याई सार्वजनिक निकाय र पदाधिकारीमाथि जनविश्वास कम हुँदै गएको छ । तिनै तहमा नियन्त्रण र सन्तुलनका लागि स्थापित सार्वजनिक निकाय सुदृढ बनाइनुपर्ने दायित्वमा ध्यान केन्द्रित गराई सुशासनसम्बन्धी नवीन अवधारणा प्रवर्धन गर्नु आवश्यक छ । राज्यका अवयव अति राजनीतीकरणबाट प्रभावित हुन नदिन सबै पक्ष जिम्मेवार हुनुपर्ने छ भने सुशासनका लागि देश, समाजप्रति प्रतिबद्ध, इमानदार र सचेत नेतृत्वलाई स्थापित गर्दै जानु आवश्यक छ ।

भ्रष्टाचारविरुद्धका रणनीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, भ्रष्टाचारविरुद्ध निगरानी, नियन्त्रण, अनुसन्धान एवं कारबाहीलाई प्रभावकारी गराउने कार्यमा कर्मचारीतन्त्रको भूमिकालाई सुदृढ र सूचनामा आधारित अनुसन्धान प्रणालीको विकास गरी अनुसन्धान र अभियोजनलाई नतिजामुखी बनाउन सुदृढ मार्गचित्र तय गर्नुपर्ने छ । विभिन्न सार्वजनिक सेवा प्रवाहमा हुने बिचौलिया नियन्त्रण तथा बन्देजका लागि कानुन निर्माण गरी अघि बढ्ने गरी यस्तो मार्गचित्र तय गरी सुशासनलाई लोकतन्त्रको मेरुदण्ड बनाउनु पर्छ ।

प्रविधिमा भएको विकासक्रमले भ्रष्टाचारको तौरतरिकामा परिवर्तन भई यससम्बन्धी अनुसन्धानमा जटिलता थपिँदै गएको पाइन्छ । यस अवस्थामा भ्रष्टाचारका दृष्टिले जोखिम रहेका क्षेत्रको समुचित पहिचान गर्ने र ती क्षेत्रलाई केन्द्रविन्दुमा राखी अनुसन्धानलाई सघन बनाउनुपर्ने दायित्व थपिएको छ । सम्पूर्ण सार्वजनिक सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा लैजानुपर्ने र सेवा शुल्कसमेत अनलाइन प्रणालीबाट भुक्तानी हुने गरी व्यवस्थापन गर्ने प्रणालीलाई जोड दिई सार्वजनिक र निजी क्षेत्र दुवैको अनुशासनलाई व्यवहारमा सुनिश्चित गर्नुपर्ने छ ।

विद्युतीय प्रकृतिको राष्ट्रिय परिचयपत्र उपलब्ध गराई व्यक्तिका सबै आर्थिक गतिविधि समावेश गर्दै लैजाने संरचना विकास गर्न हामीले जोड दिँदै आएका छौँ । सम्पत्ति, आय, खर्च र बैङ्क खातालगायतका विवरण राखिने व्यवस्था मिलाई सम्पत्ति विवरणमा प्रमाणित वैधानिक आय विवरण खुलाउने व्यवस्था मिलाउने चुनौतीलाई प्रभावकारी रूपमा सम्बोधन बनाउन सकिएको छैन । प्रशासनिक क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्न कर्मचारीलाई न्यूनतम जीविकोपार्जन हुने तलब भत्ता, आवासका लागि ऋण अनुदान, सम्बन्धित सम्पत्ति धितो हुने गरी वा धितोविहीन सवारीसाधनमा सहुलियत ऋण जस्ता सुविधाको सुनिश्चित गराउन सकिएको छैन ।

सार्वजनिक पदाधिकारीको सुविधालाई अन्तर्राष्ट्रिय मापदण्डमा आधारित बनाई चुस्त र सबल प्रशासन निर्माण गर्न शासकीय सबलता प्रवर्धन अभियान सञ्चालन गरिनु आवश्यक छ । नागरिकको सचेतना अवस्था बढाई भ्रष्टाचार महामारीकै रूपमा फैलिएको अवस्थालाई नियन्त्रण गर्न राज्य र गैरराज्य क्षेत्रको समन्वयपूर्ण व्यवहार जरुरी छ । यसमा सरकारी, गैरसरकारी, सहकारी र निजी सबै क्षेत्रको योगदान अपेक्षित छ ।

कानुनमा थपिएको आयाम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफैँले रकम उपलब्ध गराई सञ्चालन गर्दै आएको रङ्गेहात पक्राउ गर्ने व्यवस्थालाई हालै संशोधन ऐनमार्फत सम्बोधन गरिएको छ । आयोगको नियमावली, २०५९ को नियम ३० मा सर्वोच्च अदालतको संवैधानिक

# चिया सम्मेलन गर्ने निर्णयबाट पछि हट्यो कोशी सरकार



झापा(प्रस) । कोशी प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि तीन वटा कार्यक्रम महत्वका साथ घोषणा गरेको थियो, जसमा अन्तर्राष्ट्रिय चिया सम्मेलन, प्रदेश लगानी सम्मेलन र कोशी पर्यटन वर्ष २०८२ थिए । त्यसमध्ये कोशी पर्यटन वर्ष २०८२ को उद्घाटन आज बुधबार हुने तय भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले कोशी पर्यटन वर्ष उदघाटन गर्ने कार्यक्रम छ ।

उक्त कार्यक्रमका लागि प्रदेश सरकारले १० करोड रुपैयाँ विनियोजन गरेको छ । यस्तै यसअघि घोषणा गरेर पनि निर्धारित मितिमा सम्पन्न हुन नसकेको प्रदेश लगानी सम्मेलन आगामी वैशाख १८ र १९ गतेका लागि तय गरिएको छ। उक्त लगानी सम्मेलन हुन्छ या हुँदैन भन्ने स्पष्ट हुन अझै केही दिन कुर्नुपर्ने देखिन्छ ।

लगानी सम्मेलनको तयारी र प्रदेश सरकारका कतिपय अधिकारीहरू भने लगानी सम्मेलन पनि हुनेमा आशङ्का गर्छन् । लगानी सम्मेलनका लागि प्रदेश सरकारले ३ करोड रुपैयाँ विनियोजन गरेको छ ।

प्रदेश सरकारले महत्त्वका साथ घोषणा गरेको अर्को कार्यक्रम भनेको अन्तर्राष्ट्रिय चिया सम्मेलन हो । यो कार्यक्रम भने सरकारले औपचारिक रूपमै स्थगित गर्ने निर्णय गरिसकेको छ । यसअघि केदार कार्कीको नेतृत्वमा रहेको सरकारले एनआरएनएसँग सहकार्य गर्ने गरी गत आर्थिक वर्षमा यो कार्यक्रम ल्याएको थियो । त्यसबेला पनि उक्त कार्यक्रम हुन सकेको थिएन । यद्यपि त्यही कार्यक्रमलाई मुख्यमन्त्री हिक्मतकुमार कार्कीले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमै राखेका थिए । चिया सम्मेलनका लागि १ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

मुख्यमन्त्री तथा विभागीय मन्त्रीहरूले प्रदेश सरकारले चिया सम्मेलन गर्न लागेको भन्दै महत्वका साथ सार्वजनिक मञ्चहरूमा भन्दै आएका थिए । इलामको सूर्योदय नगरपालिकामा केही समय अगाडी गरेको एक कार्यक्रममा पनि मुख्यमन्त्री कार्कीले चिया सम्मेलन गर्ने बताएका थिए ।

अहिले आएर प्रदेश सरकारले चिया तथा कफी विकास बोर्ड संघीय सरकारको भएकाले प्रदेश सरकारले खर्च गर्न सक्ने अवस्था नरहेको भन्दै यो कार्यक्रम हटाएको जनाएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर राना मगरले चिया सम्मेलन 'गोलखाडी' गएको बताए । 'बजेट राख्ने बेलामा चिया तथा कफी विकास बोर्डसँग गर्ने भनेको रहेछ' उनले भने 'त्यो हाम्रो कार्यक्षेत्रमा परेन ।'

यद्यपि बजेट भने मगर आफैं आर्थिक मामिलामन्त्री भएको बेला आएको हो । 'चिया तथा कफी विकास बोर्डसँग केन्द्र सरकारसँग स्वीकृति लिएर गर्ने भनेको महाभारतको कथाजस्तो भयो,' उनले भने ।

सरकारले घोषणा गरेर कार्यक्रम गर्न नसकेको विषयमा प्रतिपक्षी दलहरूलाई भने मसला बनेको छ । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले आफैँले ल्याएको नीति कार्यक्रम बजेट कार्यान्वयन गर्न सरकारले नसकेको बताए । 'चिया तथा कफी विकास बोर्ड प्रदेश सरकारसँग नभएर के असर गर्छ र ? यहाँको चियाको अन्तर्राष्ट्रिय बजारीकरण हुनुपर्‍यो । निर्यात व्यापार राम्रो हुनु पर्‍यो । प्रवर्द्धन गर्ने हो हामीले,' उनले भने ।

चिया किसानले आयस्रोत राम्रो पाउन्, चियाले अन्तर्राष्ट्रिय बजार पाओस्, राज्यलाई राम्रो होस् भन्ने उद्देश्य राखेर काम गर्नुपर्ने आङ्बोले बताए । लगानी सम्मेलन पहिले नै विवादकै कारण सार्नु र चिया सम्मेलन गर्नै नसक्नु सरकारको असफलता भएको आङ्बोको दाबी छ ।

विपद्पछिको पुनर्निर्माणको काम नभएको, बजेट कार्यान्वयनमा प्रभावकारिता नदेखाएको, अघिल्ला सरकारले स्रोत सुनिश्चित गरेर ठेक्का लगाई निर्माण सम्पन्न भएका कामहरूको उद्घाटन गर्नेबाहेक थप उल्लेखनीय प्रगति वर्तमान सरकारले नदेखाएको विपक्षीहरूको आरोप छ ।

# ५० मेगावट क्षमताको हाइड्रोपावरको काम अन्तिम चरणमा



झापा(प्रस)।ताप्लेजुङमा निर्माणाधीन युनाइटेड मेवाखोला हाइड्रोपावर लिमिटेडको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । २०७८ सालबाट सुरु भएको ५० मेगावट क्षमताको आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको हो ।

हालसम्ममा करिब ९० प्रतिशतभन्दा बढी निर्माण कार्य सम्पन्न भएको आयोजनाका जनसम्पर्क अधिकृत आशिष केदेम लिम्बूले जानकारी दिए । उनका अनुसार आगामी २०८२ सालको असार मसान्तसम्ममा विद्युत् उत्पादन गर्ने तयारीका साथ निर्माणको कार्य तीव्र गतिमा भइरहेको छ ।

आयोजनाको पेनस्टक पाइप जडानको कार्य र विद्युत् गृहको केही कार्य बाँकी रहेको जनसम्पर्क अधिकृत लिम्बुको भनाइ छ । त्यस्तै विद्युत् गृहबाट आठ किलोमिटर टाढा रहेको एक सय ३२ केभिए ढुङ्गेसाँघु सबस्टेसनसम्मको तार बिछ्याउने कार्य अन्तिम चरणमा पुगेको छ । विद्युत् गृहबाट सबस्टेसनसम्म २८ वटा टावर निर्माण गरिएको छ । जसको करिब ५ प्रतिशत मात्रै तार बिछ्याउने कार्य बाँकी रहेको लिम्बूले जानकारी दिए ।

मेरिङ्देन गाउँपालिकाको थुकिमा र लिबाङको नावा क्षेत्रमा ड्यामसाइड निर्माण गरी मेवाखोलाको पानी प्रयोग गरेर उत्पादन हुने आयोजनाको कार्य अन्तिम चरणमा प्रवेश गरेको छ । ड्यामसाइडबाट चार दशमलव ८ किलोमिटरको सुरुङमार्गमार्फत पावर हाउसमा पानी पुर्‍याइनेछ । आयोजनाको पावर हाउस खाम्लुङको मुनितर्फको भेग खोला खेतमा निर्माण गरिएको छ ।

नौ अर्बको लागतमा सम्पन्न हुने आयोजनाको अति प्रभावित क्षेत्रहरूमा थुकिमा, लिङतेप, खाम्लुङ, लिबाङ, मिक्वाखोला गाउँपालिकाको १ नम्बर वडा खोक्लिङ, आठराई त्रिवेणी गाउँपालिकाको ५ नम्बर वडा चाँगे र मैवाखोला गाउँपालिकाको १ नम्बर वडा ढुङ्गेसाँघु परेका छन् ।

# छोराछोरी सामुदायिक विद्यालयमै पढाउनुपर्ने

झापा(प्रस)। ओखलढुङ्गाको मोलुङ गाउँपालिकाले सामुदायिक विद्यालयमा छोराछोरी नपढाउने जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकको सेवा सुविधा रोकिने भएको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले पालिकाले शैक्षिक सत्र २०८२ बाट सरकारका विभिन्न निकायमा आबद्ध तथा नियमित तलव, भत्ता तथा सेवा सुविधा उपभोग गर्नेका सन्तति अनिवार्य सामुदीयक विद्यालयमा पढाउनुपर्ने निर्णय गरेको हो ।

गत फागुन १२ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय नं. ५ मा आगामी शैक्षिक सत्रको भर्ना अभियानमा सबै जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकका छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने उल्लेख छ ।

सोही निर्णय अनुसार पालिकाले सार्वजनिक सूचना निकालेर सामुदायिक विद्यालयतर्फ विद्यार्थीको आकर्षण बढाउन सरोकारवालाहरूले अनिवार्य गाउँकै सामुदायिक विद्यालयमा आफ्ना बालबालिका भर्ना गराउन आव्हान गरेको प्रशासकीय अधिकृत सन्तोष गौतमले जानकारी दिए ।




निर्णय कार्यान्वयन गर्दै भर्ना अभियान सन्देशमुलक बनाउन सबै सामुदायिक विद्यालयमा पालिकाले परिपत्र गरेको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका विभिन्न चरणमध्ये सरोकारवालाका बालबालिकालाई अनिवार्य सामुदायिक विद्यालयमा पढाउने नीति यस वर्षबाट कडाइका साथ कार्यान्वयनमा ल्याउने निर्णय गरिएको गाउँपालिका अध्यक्ष उत्तम राईले बताए ।

"आगामी शैक्षिक सत्रबाट पालिका मातहत रहेका सरकारी कार्यालयका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक र जनप्रतिनिधिले अनिवार्य आफ्ना बालबालिका सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने छ । नत्र कारबाही हुन्छ । सेवा सुविधा तलब समेत रोकिन सक्छ," अध्यक्ष राईले भने । यसै वर्षबाट पूर्णरूपमा लागु हुने अध्यक्ष राईको दाबी छ । प्रश्न उठे पनि जसरी पनि निर्णय कार्यान्वयन गर्ने अध्यक्ष राईले बताए । सामुदायिक विद्यालयमा क्षमतावान शिक्षक राखिने भए पनि गाउँका विद्यालयमा विद्यार्थी नहुँदा विद्यालयहरू मर्ज गर्नुपर्ने अवस्था छ । राज्यको ठुलो लगानी सामुदायिक विद्यालयहरूमा छन् ।

जिल्लामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकलगायतले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने आवाज विगतदेखि नै उठे पनि कार्यान्वयनमा आउन सकेको छैन । गत वर्ष पनि गाउँपालिकाले यस्तै निर्णय गरे पनि कार्यान्वयन हुन सकेको थिएन । यस पटक जसरी भए पनि निर्णय कार्यान्वयन गर्ने गाउँपालिकाले जनाएको छ ।

# भारततर्फ खुलेआम बालुवा र गिट्टी तस्करी



झापा(प्रस)। विराटनगर महानगरपालिका-१६ दरैया हुँदै भारततर्फ खुलेआम बालुवा र गिट्टी तस्करी भइरहेको छ। नेपाल-भारत सीमा क्षेत्रनजिकको दरैयाबाट लामो समयदेखि भारत जोगवनीको टिकुलिया बस्तीतिर मिलेमतोमा तस्करी भइरहेको हो।

दरैया-टिकुलियाबीचमा ट्र्याक्टरलगायत ढुवानीका साधनलाई आवतजावत गर्न सहज हुनेगरी बाटै बनाएर नदीजन्य पदार्थको नेपालबाट तस्करी भइरहे पनि नियन्त्रणका लागि सम्बन्धित निकायले चासो दिएका छैनन्।

दैनिक दर्जनौं ट्र्याक्टरको प्रयोग गरेर मिलेमतो र 'सेटिङ'मा अत्यधिक तस्करी भइरहेको स्थानीय बताउँछन्। व्यापक तस्करी हुँदा पनि स्थानीयले खुलेर विरोध गर्न सक्दैनन्। डर र त्रास देखाएर तस्करको गिरोहले दबाबमा राखेको स्थानीय बताउँछन्। 'सम्बन्धित निकायलाई सूचना दिँदा तस्करीमा संलग्न हाम्रो घर खोज्दै आइपुग्छन्। डर देखाउँदै अनेक धम्की दिएर जान्छन्। आफैं असुरक्षित भएपछि अवैध धन्दा टुलुटुलु हेरेर बस्नुको विकल्प हामीसँग छैन,' एक स्थानीयले भने।

सीमा क्षेत्रका सर्वसाधारण निरीहजस्तै बन्नु परिरहँदा सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मी र जनप्रतिनिधि चैं मौन छन्। उनीहरुले अनदेखा गरिरहँदा दरैया क्षेत्रमा लामो समयदेखि तस्करको रजगज चलिरहेको छ। सीमा सुरक्षा र तस्करी नियन्त्रणको मुख्य जिम्मेवारीमा रहेको सशस्त्रलाई प्रत्येक सय मिटरको दुरीमा खटाइएको हुन्छ।

सशस्त्रकै आँखा अगाडिबाट बालुवा र गिट्टी भारत तस्करी भइरहे पनि रोक्न कुनै चासो नदिनु आश्चर्यको विषय भएको स्थानीयको भनाइ छ। प्रतिबन्ध लगाउँदै सरकारले नेपालबाट नदीजन्य पदार्थ भारत लैजान रोक लगाएको छ। तर, दैनिक दर्जनौं ट्र्याक्टरको प्रयोग गरेर खुलेआम बालुवा र गिट्टी भारत पुर्‍याइन्छ।

# बालुवाटार घेरेर भातपानी बन्द गर्ने लिङ्देनको चेतावनी

झापा(प्रस)।राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले सरकार नसुध्रने हो भने बालुवाटार घेरेर भातपानी बन्द गर्ने चेतावनी दिएका छन् ।

मंगलबार काठमाडौंको बल्खुमा आयोजना गरेको खवरदारी सभालाई सम्बोधन गर्दै लिङ्देनले आफ्ना नेताहरुलाई हतकडी लगाएको विषय राप्रपाले इखको रुपमा लिएको बताउदै यस्तो भातपानी बन्द गर्ने चेतावनी दिएका हुन् ।




'नसुध्रने हो भने हामी पनि गाली चलाउँछौ त भन्दिनँ तर बालुवाटार घेरेर भातपानी बन्द गर्न सक्छौ', लिङ्देनले भने, 'आज राप्रपा बल्खु गयो भनेर कमजोरी नठान्नु । शान्ति अहिंसालाई कमजोरी नठान्नु केपी ओलीजी, गृहमन्त्रीजी ।'

उनले गणतन्त्र कति कमजोर रहेछ भनेर देखाउन आएको भन्दै राज्यआतंक सधै नचल्ने चेतावनी दिए । राप्रपालाई विद्रोहमा जाओस् भन्ने चाहेको हो भने सल्लाह नै गरेर जाने बताएका लिङ्देनले देशलाई शान्तिपूर्ण बाटोबाटै परिवर्तनका लागि हिँडेको बताए ।

'सत्ता सधैभरी तपाईको हातमा हुँदैन, जनता गोठको गाइबस्तु होइनन', प्रधानमन्त्री र गृहमन्त्रीलाई चेतावनी दिदै भने, 'जतिदिन हाम्रा साथीहरुलाई थुन्नुहुन्छ यो जनमत दिनदुई गुणा रात चौगुणा बढेर जान्छ । देशमा राजा चाहिन्छ भन्नु राज्यविरुद्धको अपराध हो ?'

## भ्रष्टाचार...

इजलासले खारेज गरेको व्यवस्थालाई ऐनमा राखी व्यवस्थित गरिएको हो । उक्त व्यवस्थामा रहेको 'कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले घुस रिसवत माग गरेको भनी आयोगमा पर्न आएको उजुरी निवेदनको अनुसन्धानको सिलसिलामा आयोगले आफ्ना कर्मचारी वा उजुरवाला वा अन्य कुनै व्यक्तिमार्फत त्यस्तो सार्वजनिक पदधारण गरेको व्यक्तिलाई घुस रिसवतबापत रकम उपलब्ध गराउन सक्ने' र त्यसरी 'घुस रिसवत उपलब्ध गराउने कर्मचारी वा व्यक्तिलाई कुनै किसिमको कारबाही र सजाय गरिने छैन' भन्ने सोही नियमावलीको प्रावधान प्रत्यायोजित विधायनको भावनाविपरीत रहेको भनी २०७८ वैशाख ८ मा बदर गरेको थियो । भ्रष्टाचार निवारण ऐनमा अन्य व्यवस्थासँगै उक्त व्यवस्थासमेत संशोधनमार्फत संस्थागत गरिनु महत्वपूर्ण छ ।

निष्कर्ष

नेपालको संविधानको धारा २०(९) मा रहेको स्वच्छसुनुवाइसम्बन्धी प्रावधान र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ समेतका प्रचलित ऐनमा रहेका प्रावधानसमेतको भावना र मर्म अनुकूल नदेखिएको भनी रङ्गेहातसम्बन्धी नियमावलीमा गरिएको प्रावधान प्रत्यायोजित विधायनको प्रतिकूल रहेको भनी सर्वोच्च अदालतले खारेज गरेको थियो । उक्त घुस रिसवतबापत रकम उपलब्ध गराउन सक्ने नियमावलीको प्रावधानलाई कपटपूर्ण विधायन भनी फौजदारी न्यायका मान्य सिद्धान्त, कानुनको उचित प्रक्रिया तथा प्रमाण सङ्कलनसम्बन्धी न्यायिक मान्यताका दृष्टिले समेत मनासिब र तार्किक नदेखिएको भनी व्याख्या भई उक्त प्रावधान बदर गरिएपछि अख्तियारले रङ्गेहात पक्राउ गर्ने कार्यमा संख्यात्मक असरसमेत परेको थियो । ऐनमा नै उक्त प्रावधान राखिएपछि अब यसमा गुणात्मक प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने चुनौती छ ।

सुशासन प्रवर्धन र सेवा प्रवाहमा सरलीकरणमा समग्र व्यवहारगत सुधारको खाँचो देखिँदै आएको अवस्थामा भ्रष्टाचारजन्य गतिविधिमा कडा निगरानी आवश्यक छ ।

यस अवस्थामा नियमामक निकायको नियमन र निगरानीलाई कानुनी शासनको मर्म अनुकूल प्रभावकारी कार्यान्वयन गर्नुपर्ने चुनौती छ । यससँगै भ्रष्टाचारसम्बद्ध कसुरको अनुसन्धानको निष्पक्षता र प्रभावकारिताका लागि समेत सशक्त रणनीति अघि बढाउनु वाञ्छनीय हुन्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । शेयर बजारको साथ मिल्नेछ ।

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** पारिवारिक जमघटको वातावरण बन्ला ॥ व्यापार, व्यवसायमा पर्याप्त लाभ मिल्नेछ